Amritology, 31-12-2014 Nepali

## एक सम्पन्न आत्माको एक जौहरीसँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ। म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु।

### म को हुँ ?

म एक सम्पन्न आत्मा हुँ। मेरो खजाना ज्ञान, गुण र शक्तिहरूको बहुमूल्य रत्नहरूले भरपुर छ।

### म कसको हुँ ?

### आत्माको बाबासँग कुराकानीः

मीठे बाबा– गुड मर्निङ्ग। बाबा ! मैले हजुर ज्ञान सागर जौहरीको साथमा पक्का सौदा (ब्यापार) गरेको छु। बाबा ! हजुरले मलाई थाली भरी भरी ज्ञान, गुण र शक्तिहरूको रत्न दिइरहनुभएको छ। यी रत्नहरूको साथमा खेल्दै मेरो पालना भइरहेको छ।

### बाबाको आत्मासँग कुराकानीः

मीठे बच्चे ! उठ ! मसँगै बस। जति जति तिमी यी रत्नहरूलाई आफ्नो कार्य व्यवहारमा प्रयोग गरिरहेका छौ, उति नै यो रत्न वृद्धि भइरहेको छ। जो आत्मा यी रत्नहरूको साथमा सदा व्यस्त रहन्छन्, ऊ नै सबैभन्दा धेरै सम्पन्न हो। प्यारा बच्चाहरू ! आफ्नो बहुमूल्य समय व्यर्थ नगुमाऊ। कुनै पनि व्यर्थ कुरालाई नहेर, नसुन, नसोच, नबोल।

### बाबाद्वारा प्रेरणाः

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ। बाबा हुनुहुन्छ शान्तिका सागर। यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु।

### बाबाद्वारा वरदानः

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरूप स्पष्ट देखिइरहेको छ। बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई बरदान दिइरहनुभएको छ–

तिम्रो चेतना पवित्र र शुद्ध हुँदै गइरहेको छ। सत्यताको प्रकाश र बाबाको स्नेहबाट यसको चमक निकै बढ्दै गइरहेको छ। तिम्रो पवित्रताको सुन्दरताबाट तिम्रो भविष्यको एउटा यस्तो चित्र बनिरहेको छ, जुन तिम्रो कल्पना भन्दा पनि पर छ।

### बेहदको सूक्ष्म सेवाः (आखिरी पन्द्र मिनेट)

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पूरा विश्वलाई दान दिइरहेको छु। आफ्नो फरिस्ता पोशाक पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरूलाई यो वरदान दिइरहेको छु।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं। चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं। कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं। ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं। आफ्नो दिललाई सफा र हलुङ्गो बनाएर सुतौं।